# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८ ) काठमाडौं, साउन १२ गते २०६५ साल ( अतिरिक्ताङ्क १८(अ)

## भाग १

### राष्ट्रपतिको कार्यालयको सूचना

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट देशका नाममा २०६५ साल श्रावण १२ गते आइतवार दिनु भएको सम्बोधन**

आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,

नेपाली जनताले २००७ साल अघिदेखि हालसम्म पटक–पटक गर्दै आएका ऐतिहासिक क्रान्ति, संघर्ष र जनआन्दोलनका परिणामस्वरूप स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो राष्ट्रपतिका रूपमा कार्यभार सम्हाल्ने अवसर प्राप्त गरेको यो शुभघडीमा सबभन्दा पहिला म लोकतन्त्रको संघर्षमा शहादत प्राप्त सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति श्रद्धान्जली अर्पण गर्दै सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक अभिवादन गर्न चाहन्छु ।

हाम्रो देश नेपाल भौगोलिक, सामाजिक, साँस्कृतिक, लैंगिक, भाषिक, धार्मिक र जातीय बनोटमा अनेकता बीच एकताको एउटा अनुपम प्रतीकको रूपमा संसारभरि चिनिन्छ । सबै जातजाति वर्ग र समुदायका नेपालीको सुन्दर फूलबारीको रूपमा नेपाल इतिहासको प्रारम्भदेखि नै एउटा अखण्ड, अविभाज्य र स्वतन्त्र देश रही आएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको मात्र लागु हुनेछ।

तराई–मधेश, पहाड र हिमालमा बस्ने हामी सबै नेपाली हौं । यो हाम्रो प्यारो नेपालको सार्वभौमसत्ता र अखण्डता जोगाउन हामी सदैव एकजूट भइआएका छौं। त्यसै गरी बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, विश्वव्यापी रूपमा स्वीकार्य मानव अधिकार र विधिको शासनप्रति हामी सबै प्रतिबद्ध छौं । राष्ट्रपतिको गरिमामय पदमा रहँदा निष्पक्ष रूपमा आफ्नो कर्तव्य जिम्मेवारी पूरा गर्दै यिनै सिद्धान्तहरूलाई अगाडि बढाउन म कटिबद्ध छु ।

आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,

अहिले हामी नेपाल र नेपालीको भाग्यरेखा कोर्ने नयाँ संविधान बनाउने तयारीमा छौं । आउँदो दुई वर्षभित्र संविधान लेख्ने ठूलो चुनौती हाम्रो समक्ष छ । यो चुनौती पार गर्न संविधान सभामा भएका सबै राजनीतिक शक्तिहरू र सबै नेपाली जनता मिलेर अगाडि बढ्नु आजको आवश्यकता हो । तब मात्र हामी आफैंले लेखेको संविधानले नेपाल र नेपालीको उज्यालो भाग्यरेखा कोर्नेछ । देश र जनताको भविष्यसंग जोडिएको संविधान निर्माणजस्तो ऐतिहासिक कार्यमा नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गत रही मेरो पूर्ण सहयोग र समन्वयात्मक भूमिका रहनेछ ।

आज हामी सबैले देखेको नयाँ नेपालको सपना साकार पार्न सबैको एकताको त्यत्तिकै खाँचो छ । यो एकताको जगमा मात्र जातीय र क्षेत्रीय सद्भाव कायम राख्दै वैज्ञानिक र न्यायिक ढंगले राज्यको पुनःसंरचना गरी हिंसारहित सभ्य समाजको निर्माण र आर्थिक, सामाजिक उन्नतिको आधारशीला खडा गर्न सकिन्छ ।

वर्षौंको तितो अतीतलाई पछाडि छोडेर मीठो भविष्यको यात्रामा अगाडि बढ्न र हाल जारी शान्ति प्रक्रियालाई एउटा तार्किक निष्कर्षमा पुऱ्याउन राष्ट्रिय एकता र मेलमिलाप बाहेक अर्को बाटो हुनै सक्तैन । त्यसैले अब गठन हुने सरकारले सबैलाई साथ लिएर सबैको हितका लागि आफ्ना नीति र कार्यक्रम अगाडि सार्ने विश्वास मैले लिएको छु ।

अबको समय नेपालका लागि शान्ति स्थापना, सामाजिक न्याय, विधिको शासन र समावेशी लोकतन्त्रको माध्यमबाट नेपाल र नेपालीको अनुहार फेर्न अत्यन्त महत्वपूर्ण हुनेछ । यस अवधिमा राज्यको पुनःसंरचना एवं बहुदलीय लोकतन्त्रका सही र बलिया आधारहरू तयार पार्दै आम जनताका आधारभूत आवश्यकता पूरा गर्न, भौतिक संरचनाहरूको निर्माण


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा पुनर्निर्माण एवं दिगो शान्ति प्राप्त गर्नु नै हामी सबैको प्राथमिकता हुनेछ ।

नेपालको इतिहासमै पहिलो पटक जनता आफैंले संविधान बनाई आफ्नो भाग्यरेखा आफैं कोर्ने अहिले आएको ठूलो अवसरसँगै चुनौति पनि त्यत्तिकै ठूलो छ। यस चुनौतिलाई अवसरमा परिणत गर्ने ठूलो मौका प्राप्त भएको छ । त्यसैले हामीमा सक्रियतासँगै सतर्कता पनि त्यतिकै जरुरी छ । मलाई विश्वास छ, हामी सबै नेपालीहरूमा यो चुनौति पार गर्न सक्ने क्षमता र आत्मविश्वास छ ।

आफ्नो कर्तव्य र जिम्मेवारीमा सधैं सजग रहिआएका सबै राजनीतिक दलहरू, नेपाली सेना, प्रहरी, कर्मचारी लगायत विभिन्न सबै पेशा र वर्गका मानिसहरूको सामूहिक र एकताबद्ध प्रयासले मात्र देश अगाडि बढ्न सक्छ भन्ने कुरामा शङ्का छैन। नेपाल र नेपालीको यस्तो एकताबद्ध प्रयासमा हाम्रो हित चाहने मित्रराष्ट्रहरू लगायत सबै अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सहयोग निरन्तर हुने कुरामा म विश्वस्त छु ।

आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,

तपाईहरूले ठूलो विश्वास गरेर मलाई देशको गरिमामय सर्वोच्च पदमा पुऱ्याउनु भएको छ । म एउटा सामान्य किसानको छोरा हुँ। नेपालको माटोमा जन्मेर नेपालकै माटोमा लडीबुडी खेल्दै, हुर्कदै राष्ट्रपतिको पदसम्म पुग्दा किसान, मजदूर लगायत सारा नेपालीको सुखदुःखसँगै मेरो सुख दुःख पनि गाँसिएको छ।

तराई-मधेश, पहाड र हिमाल जहाँ बसे पनि, जुनसुकै भाषा बोले पनि, जुनसुकै भेष पहिरिए पनि, जुनसुकै धर्म माने पनि, हामी सबै सबभन्दा पहिला नेपाली हौं। नेपाल रहे मात्र हामी रहन्छौं। हामी रहे मात्र लोकतन्त्र रहन्छ । लोकतन्त्र रहे मात्र देश बन्छ ।

अन्तमा, देशको सार्वभौमिकता, अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान, जातीय र साम्प्रदायिक सद्भावलाई कायम राखी नयाँ नेपाल निर्माणको यात्रामा हातेमालो गर्दै हामी सबै अगाडि बढौं ।

सबै नेपालीको जय होस् ।
जय नेपाल !

आज्ञाले,
डा. रामहरि अर्याल
सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.न. १६।०६२।६३

341

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

352

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।